आ.व २०७९।२०८० को पहिलो गाउँ शिक्षा समिति बैठक

मिति २०७९।०५।१६ विहिबार
समय : दिउसो ४: ०० वजे
स्थान : गाउँपालिका सभा हल

आज मिति २०७९ साल भाद्र १६ गते विहिबार यस ईन्द्रावती गाउँपालिका गाउँपालिका शिक्षा समितिको बैठक गाउँपालिकाका अध्यक्ष श्री झम्कनाथ नेपालज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको समुपस्थितिमा देहायका विषयहरुमा छलफल गरि देहाय बमोजिम सम्पन्न भयो ।

**उपस्थिति**

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री झम्कनाथ नेपाल | अध्यक्ष | |
| २ | श्री राम प्रसाद शर्मा | प्रमुख प्रशासकीय अधिकत | |
| ३ | श्री राम चन्द्र घिमीरे | सदस्य | |
| ४ | श्री रविन्द्र कुमार खाती | सदस्य | |
| ५ | श्री सिता तिरुवा | सदस्य | |
| ६ | श्री राम बहादुर सुनार | सदस्य | |
| ७ | श्री नवराज खरेल | सदस्य | |
| ८ | श्री नवराज दनुवार | सदस्य | |
| ९ | कृष्ण प्रसाद श्रेष्ठ | सदस्य | |
| १० | | | |
| ११ | श्री मिन व धामी | सदस्य सचिव | |

छलफलका विषयहरु

१. बधाई तथा शुभकामना प्रदान सम्बन्धमा ।
२ अस्थायी करार शिक्षक कामकाज गर्न खटाउने तथा विध्यालय समायोजन सम्बन्धमा ।
३. ईन्द्रावती गाउँपालिकाको स्थानीय पाठ्यक्रम अनुसार स्थानीय पाठ्यपुस्तक निर्माण सम्बन्धमा।
४. ईन्द्रावती शिक्षा नीति निमार्णकालागि कार्यदल गठन सम्बन्धमा ।
५. शिक्षा समितिमा शिक्षा प्रेमिहरु मध्यबाट मनोनित सम्बन्धमा ।
६. विविध ।

निर्णयहरु :

निर्णय न.१

प्रस्ताव न. १ माथि छलफल गर्दा ईन्द्रावती गाउँ शिक्षा समितिमामा मनोनित हुनुभएका गाउँ शिक्षा समितिका सदस्यहरुलाई बधाई तथा कार्यकाल सफलताको शुभकामना प्रदान गर्ने निर्णय गरियो ।

निर्णय न.२

प्रस्ताव न. २ माथि छलफल गर्दा ईन्द्रावती गाउँपालिका शिक्षा ऐन, २०७५ को दफा ५७ बमोजिम यस गाउँपालिका अन्तर्गत सामुदायिक विध्यालयमा कार्यरत तपशिल बमोमिका शिक्षकलाई कामकाज गर्न तपशिल बमोजिमका विध्यालयमा खटाउने निर्णय गरियो ।

| क्र.स. | शिक्षकको नाम थर | तह | कार्यरत विद्यालयको नाम | कामकाज गर्न खटाइने विध्यालयको नाम | आउने र जाने विध्यालयको सहमती प्राप्त भएको /नभएको |
|---|---|---|---|---|---|
| १ | दिपक नेपाली | प्राथमिक | श्री जलेश्वर आ वि वडा न ४ | श्री जनसुधार आ वि. वडा ५ | भएको |
| २ | उत्सव श्रेष्ठ | प्राथमिक | श्री जनसुधार आ वि. वडा ५ | श्री चन्द्रावती आ वि वडा न ८ | भएको |
| ३ | श्री सुनीता अधिकारी दाहाल | प्राथमिक | श्री प्रतिभा आ वि वडा न २ | श्री जलेश्वर आ वि वडा न ४ | भएको |
| ४ | श्री सानुमयाँ दुलाल खड्का | प्राथमिक | श्री सिद्धार्थ आ वि | श्री ऐसेलुखर्क माध्यमिक विध्यालय | विध्यालय समायोजन गरि श्री ऐसेलुखर्क मा वि मा दरवन्दी सहित समायोजन गर्ने |

श्री सिद्धार्थ आधारभूत विध्यालयमा शैक्षिक सत्र २०७९ मा विध्यार्थी भर्ना हुन नसकेको र विध्यालय व्यबस्थापन समितिले समेत विध्यालयमा कार्यरत शिक्षक र विध्यालय सहयोगीलाइ अन्यत्र विध्यालयमा व्यबस्थापन गरिदिनुहुन अनुरोध गरिसकेको छ। विध्यालयमा कार्यरत प्राथमिक तह तृतीय श्रेणीमा कार्यरत स्थायी शिक्षक श्री सानुमैया दुलाललाइ यसै गाउँपालिका अन्तर्गत श्री ऐसेलुखर्क माध्यमिक विध्यालयमा समान तह र श्रेणीमा दरवन्दी सहित कायम गरि कामकाज गर्न खटाउने निर्णय गरियो । यसै गरि विध्यालय सहयोगीलाई समेत श्री ऐसेलुखर्क माध्यमिक विध्यालयमा अर्को व्यवस्था नभए सम्मको लागि कामकाज गर्न खटाउने निर्णय गरियो। श्री सिद्धार्थ आधारभूत विध्यालयमा हाल लाई बालविकास केन्द्रमात्र सञ्चालन गर्ने निर्णय गरियो ।

श्री ऐसेलुखर्क माध्यमिक विध्यालयमा कार्यरत प्राथमिक तह दितीय श्रेणीमा कार्यरत स्थायी शिक्षक श्री महेन्द्र हिमालयको मिति २०७९।०३।२८ गते देखि अनिवार्य अवकाश जानु भएको र उक्त विध्यालयको प्राथमिक तहमा शिक्षक विध्यार्थी अनुपातमा शिक्षक बढि भएकाले उक्त स्वीकृत रिक्त दरवन्दीलाइ श्री नवकन्या आधारभूत विध्यालय वडा न १ मा कायम गरि पदपुर्ति प्रकृया अगाढि बढाउने निर्णय गरियो ।

निर्णय न.३

प्रस्ताव न.३ माथि छलफल गर्दा यस गाउँपालिकाले तयार गरेको आधारभूत तह स्थानीय पाठ्यक्रम, २०७८ का आधारमा कक्षा १ देखि कक्षा ८ सम्मका विध्यार्थीका लागि स्थानीय पाठ्क्रममा आधारित स्थानीय पाठ्यपुस्तक निमार्ण कार्य सूचिकृत परामर्शदाता बाट अगाडि बढाउने निर्णय गरियो । यस कार्यका लागि जनप्रतिनिधि, स्थानीय विज्ञ, प्रअ शिक्षक तथा विध्यालय व्यबस्थापन समितिका पदाधिकारी संग सहकार्य र समन्वयमा गर्ने ।

निर्णय न.४

प्रस्ताव न.४ माथि छलफल गर्दा यस यस गाउँपालिकाको शिक्षा सम्बन्धी नीति योजना कार्यक्रम तथा क्रियाकलापको मार्ग दर्शनको रुपमा रहेको शिक्षा नीति हाल सम्म पनि निमार्ण नभएको हुदाँ शिक्षा सम्बद्ध योजना, कार्यक्रम तथा बजेट लाई व्यबस्थित रुपमा कार्यन्वयन गर्नको लागि आवश्यक पर्ने ईन्द्रावती गाउँपालिकाको शिक्षा नीति यस गाउँपालिकामा सूचिकृत भएका परामर्शदाताहरुको सहयोगमा तर्जुमा गर्ने निर्णय गरियो । उक्त नीति तर्जुमा कार्यका लागि तपशिल बमोजिमका पदाधिकारी रहने गरि शिक्षा नीति तर्जुमा कार्यका लगि प्राविधिक कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| सयोजक | श्री राम प्रसाद शर्मा |
| सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ |
| सदस्य | श्री नवराज दनुवार |
| सदस्य | श्री नवराज खरेल |
| सदस्य | श्री सारदा प्रसाद सापकोटा |
| सदस्य (आमन्त्रित) | शिक्षक पेशागत संघ/संगठनहरु |

सदस्य सचिव श्री मिन बहादुर धामी

निर्णय न.५

प्रस्ताव न. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको शिक्षा ऐन,२०७५ को परिच्छेद ४ दफा २४ उपदफा १ (छ) बमोजिम शिक्षाविद् हरुबाट यस गाउँपालिका अन्तर्गत श्री राजेश्वरी माध्यमिक विध्यालयमा कार्यरत स्थायी शिक्षक श्री सारदा प्रसाद सापकोटालाइ गाउँ शिक्षा समिति सदस्यमा मनोनित गर्ने निर्णय गरियो ।

निर्णय न.६ विविध

प्रस्ताव न. ६ (क) विविध माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक तथा विध्यालयमा आधारित बालविकास केन्द्रको अनुगमन गरि शिक्षा समितिमा प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

प्रतिवेदनमा उल्लेख गर्नुपर्ने विषयहरु

बालविकास केन्द्रमा भर्ना भएका विध्यार्थी विवरण

बालविकास सहजतकर्ताको कार्य जिम्मेवारी तथा भुमिका निर्वाहको अवस्था

एक विध्यालय र अर्को विध्यालयमा आधारित बालविकास तथा समुदायमा आधारित बालविकास केन्द्र बीचको दुरि

बालविकास केन्द्रको समायोजन तथा पुर्नवितरण गर्नुपर्ने भए त्यसको यथार्थ विवरण र अवस्था ।